# VI-4 जापानको शिक्षा प्रणाली

## 1. अनिवार्य शिक्षा

जापानमा इलिमेन्टरी स्कूलदेखि हाईस्कूल सम्म नौ वर्ष अनिवार्य शिक्षाको ब्यवस्था गरिएको छ । शिक्षण शुल्क र पाठ्य पुस्तकहरू पूर्णरुपमा निःशुल्क उपलब्ध छ । अध्ययनका लागि नजिकका सार्वजनिक स्कूलमा जानुपर्छ । पाठ्यपुस्तकहरू र स्कूल यात्राको लागि चाहिने खर्च बा अतिरिक्त र सामग्रीहरूको लागि शुल्क तिर्नु पर्छ।

| | |
|---|---|
| स्कूलको एकवर्ष | |
| अप्रिल | नयाँ सेमेस्टर |
| जुलाईको २५ देखि अगस्टको अन्त्य | |
| गर्मि बिदा | |
| नयाँ वर्ष बिदा | जाडो छुट्टी (करीव २ हप्ता) |
| मार्च | |
| सेमेस्टरको अन्त्यदेखी वसन्तको अन्त्य | |

जापानी नागरिकता भएका बच्चाहरूलाई स्कूलमा स्थानीय शिक्षा बोर्डबाट नामांकन पत्र पठाइनेछ। तपाइँ सूचीबद्ध स्कूलमा तोकिएको दिनमा भर्ना हुनुहुनेछ।विदेशी नागरिकताको बच्चा जापानमा सार्वजनिक प्राथमिकस्कूल प्रवेश गर्नु अघि स्थानीय शिक्षासमितिमा आवेदन गर्नुपर्छ । समितिले स्थानीय स्कूलमा नामांकनको सूचना पठाउछ। सूचना प्राप्त गरेपछि नगरपालिकाको स्कूलबोर्डले तपाईंलाई नामांकन गाइड पठाउँनेछ। स्थानियका हकमा नयाँ भर्नाको मामलामा स्कूल उमेरमा भर्नाका लागि सहजरूपमा गरिन्छ ।वर्षको बीचमा पनि भर्ना सम्भव छ । त्यसैले प्रत्येक नगरपालिकाको स्कूल बोर्डसँग परामर्श गर्नुहोस्। त्यहाँ निजी प्राथमिक विद्यालय र सरकारी हाईस्कूलहरू छन् । कतिपयमा अतिरिक्त शिक्षण शुल्क तिर्नपर्छ। थप विवरणहरूको लागि, कृपया स्थानिय स्कूललाई सोध्नुहोस्। धैरैजसोले यस अवस्था प्रवेश परीक्षा लिने गर्छन् ।

## 2. अनिवार्य शिक्षापछि

अनिवार्य शिक्षा सकाएपछि हाई स्कुलमा पढ्नु पर्छ । हाई स्कूलको साधारण विभागमा प्रत्येक विषयलाई विस्तृत रूपमा पढाइन्छ । त्यसमा उद्योग संबंधी र विशेषज्ञता हासिल गर्ने हिसाबले विभिन्न बिषयमा ध्यान दिइएको हुन्छ । हाई स्कुलमा भर्ना हुनका लागि नगरपालिका वा स्थानिय उच्चविद्यालयहरूको शिक्षा सेक्सनमा सम्पर्क गरि सहायता लिन सकिन्छ । निजी हाईस्कूलको बारेमा संबदित स्कूललाई संपर्क गरि बुज्न सक्नु हुनेछ ।

## 3. बच्चाहरू र स्कूल जीवन सहायताकक्ष

ओसाका प्रान्त एजुकेशन एजेन्सीले विदेशी विद्यार्थीहरूलाई विविन्न किसिमले सहायता गर्दछ । त्यस बारेमा अधिक जानकारीका लागि

URL https://www.pref.osaka.lg.jp/shochugakko/kikokutoniti-sapo/

मा हेर्न सकिन्छ ।

परामर्ष भाषाहरू : जापानीज, चिनियाँ, कोरियाली, पोर्तुगल, स्पेन, भियतनाम अंग्रेजी, इन्डोनेसियाली, फिलिपिन, रुसी थाई, नेपाली ,उर्दु, अरबिक र मलेसिया रहेका छन् ।

## 4. दिउसको खाना

जुनियर हाईस्कूलमा खाजा उपब्ध गराईएको छैन । त्यसैले घरबाट खाजा खानेकुरा लानुपर्छ ।  यसलाई "बेन्तो " भनिन्छ। बेन्तो बक्स नभएमा पाउरोटी किन्न वा स्कूलमा खान सक्नुहुनेछ । स्थानिय ठाउँ अनुसार स्कूलको नीतिनियम फरक हुन्छ । त्यसैले कृपया शिक्षकसँग परामर्श लिनुहोस् ।

## 5. स्कूल अध्ययन सहायता प्रणाली

अनिवार्य शिक्षा अवधिमा, आर्थिक कारणहरूले बालबालिका समस्यामा छन् भने यो प्रणाली मार्फत सहायता प्रदान गरिन्छ। जस्तै स्कूल लागत, स्कूल बाहिर हुने गतिविधि र स्कूल यात्रा खर्चलागत अनुदान पाउन सकिन्छ । बिस्तृत रूपमा विद्यालयमा सम्पर्क गर्नुहोस् ।